जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९८ | २०८३ साल जेठ ३१ गते आईतवार | Sunday-14-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## पचरौता नगरपालिकामा खर्चको असन्तुलन, विकासभन्दा प्रशासनमा बढी जोड : आन्तरिक आम्दानीको ३७ प्रतिशत पदाधिकारी सुविधामै खर्च

***शु.आ. सम्बाददाता***
***बारा, ३० जेठ***

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदनले पचरौता नगरपालिकाको वित्तीय व्यवस्थापन, खर्च प्राथमिकता र विकास बजेट कार्यान्वयनमाथि गम्भीर प्रश्न उठाएको छ। प्रतिवेदनअनुसार नगरपालिकाले प्राप्त गरेको कुल स्रोतको ठूलो हिस्सा चालु तथा प्रशासनिक खर्चमा खर्च गरेको देखिएको छ भने विकास निर्माणतर्फ अपेक्षाकृत न्यून बजेट परिचालन भएको पाइएको छ।




प्रतिवेदन अनुसार नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा आन्तरिक आयबाट १ करोड १६ लाख ३८ हजार रुपैयाँ, गत वर्षको मौज्दात ८ करोड १५ लाख ४० हजार रुपैयाँ, राजस्व बाँडफाँडबाट १० करोड ६० लाख ९४ हजार रुपैयाँ, विभिन्न अनुदानबाट ३६ करोड ६ लाख ९४ हजार रुपैयाँ, रोयल्टीबाट १ लाख २७ हजार रुपैयाँ, अन्तरसरकारी अख्तियारीबाट १३ करोड ७ लाख ४६ हजार रुपैयाँ तथा विविध आयबाट ३५ लाख ९९ हजार रुपैयाँ गरी कुल ६९ करोड ४४ लाख ३८ हजार रुपैयाँ आम्दानी गरेको थियो।

तर सो रकममध्ये नगरपालिकाले चालुतर्फ ३६ करोड ३८ लाख ५ हजार रुपैयाँ र पुँजीगततर्फ १३ करोड ३२ लाख ८३ हजार रुपैयाँ खर्च गरी कुल ४९ करोड ७० लाख ८८ हजार रुपैयाँ मात्र खर्च गरेको देखिएको छ। यस आधारमा कुल खर्चमध्ये चालु खर्चको हिस्सा अत्यधिक रहेको र विकास निर्माणमा अपेक्षित लगानी हुन नसकेको प्रतिवेदनले औंल्याएको छ। सबैभन्दा चिन्ताजनक पक्ष भनेको नगरपालिकाको आन्तरिक आय अत्यन्त कमजोर हुनु हो। कुल खर्चमा आन्तरिक आयको हिस्सा केवल २.३४ प्रतिशत मात्र रहेको छ। यसले नगरपालिका अझै पनि संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न अनुदान र राजस्व बाँडफाँडमा अत्यधिक निर्भर रहेको स्पष्ट पार्छ।

यति मात्र होइन, नगरपालिकाले आर्थिक वर्षभरि पदाधिकारी सुविधा शीर्षकमा ४३ लाख १९ हजार रुपैयाँ खर्च गरेको देखिएको छ। यो रकम नगरपालिकाको कुल आन्तरिक आयको ३७.११ प्रतिशत बराबर हो। अर्थात् नगरपालिकाले आफैंले उठाएको प्रत्येक १०० रुपैयाँमध्ये झण्डै ३७ रुपैयाँ जनप्रतिनिधिको सुविधा र सेवासम्बन्धी खर्चमा खर्च गरेको देखिन्छ। यस्तो अवस्थाले स्थानीय सरकारको खर्च प्राथमिकतामाथि प्रश्न खडा गरेको छ। महालेखा परीक्षकको प्रतिवेदनले प्राप्त अनुदान र राजस्व बाँडफाँडबाट खर्च भएको रकममध्ये ७३.१९ प्रतिशत चालु खर्च र केवल २६.८१ प्रतिशत मात्र पुँजीगत खर्च भएको उल्लेख गरेको छ। स्थानीय तहको मूल उद्देश्य विकास निर्माण, पूर्वाधार विस्तार, रोजगार सिर्जना तथा सेवा प्रवाह सुधार हुनु पर्ने भए पनि पचरौता नगरपालिकामा त्यसको उल्टो अवस्था देखिएको प्रतिवेदनको निष्कर्ष छ।

स्थानीय तहका वित्तीय विज्ञहरूका अनुसार विकास बजेटभन्दा प्रशासनिक खर्चको हिस्सा लगातार बढ्दै जानु सुशासनका दृष्टिले सकारात्मक संकेत होइन। स्थानीय सरकारको प्रभावकारिता विकास योजनाको कार्यान्वयन, पूर्वाधार निर्माण तथा जनताले प्रत्यक्ष अनुभूति गर्ने सेवामा देखिनुपर्ने भए पनि पचरौतामा अधिकांश स्रोत साधन चालु खर्चमा केन्द्रित भएको देखिन्छ।

महालेखा परीक्षकको कार्यालयले प्रतिवेदनमार्फत प्रशासनिक खर्च नियन्त्रण गरी प्राप्त अनुदान तथा राजस्व बाँडफाँडको रकमलाई विकास निर्माण र उत्पादनशील क्षेत्रमा बढी परिचालन गर्न सुझाव दिएको छ। साथै आन्तरिक आय अभिवृद्धि, खर्चमा मितव्ययिता र बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक सुधारका कदम चाल्न पनि नगरपालिकालाई निर्देशन दिएको छ। प्रतिवेदन सार्वजनिक भएसँगै नगरपालिकाको आर्थिक अनुशासन, बजेटको प्रभावकारी उपयोग तथा विकासमुखी खर्च व्यवस्थापनबारे स्थानीय स्तरमा व्यापक बहस सुरु भएको छ। स्थानीयवासीहरूले जनप्रतिनिधि र प्रशासनलाई खर्च संरचनामा सुधार गरी विकासमुखी बजेटलाई प्राथमिकता दिन आग्रह गरेका छन्।

## ट्यूबेलको नाममा करोडौँ खर्च, किसान मर्कामा : युवा नेता उमेश दुबे




***शु.आ. सम्बाददाता***
***बारा, ३० जेठ***

बाराको फेटा गाउँपालिकामा जडान गरिएका अधिकांश ट्यूबेल सञ्चालनमा नआउँदा किसानहरू गम्भीर समस्यामा परेको भन्दै युवा नेता तथा जनमत पार्टीका केन्द्रीय सदस्य उमेश दुबेले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

दुबेका अनुसार फेटा गाउँपालिकाका सातवटै वडामा रहेका अधिकांश ट्यूबेल लामो समयदेखि बन्द अवस्थामा छन्। सिँचाइको मुख्य स्रोतका रूपमा रहेका ती ट्यूबेल सञ्चालन हुन नसक्दा किसानहरू खेतीपाती गर्न कठिनाइ भोग्न बाध्य भएका छन्। उनले किसानहरू आर्थिक तथा मानसिक रूपमा समेत प्रभावित भएको बताए। स्थानीय किसानहरूको भनाइ उद्धृत गर्दै दुबेले प्रदेश तथा संघीय सरकारको मातहतमा जडान गरिएका कतिपय ट्यूबेल सुरुदेखि नै प्राविधिक समस्याग्रस्त रहेको दाबी गरे। समयमै मर्मत तथा व्यवस्थापनमा ध्यान नदिइएका कारण अहिले अधिकांश ट्यूबेल पूर्ण रूपमा प्रयोगविहीन बनेको उनको भनाइ छ।

किसानहरूले ट्यूबेल जडानका नाममा करोडौँ रुपैयाँ खर्च भएको भए पनि त्यसको प्रत्यक्ष लाभ आफूहरूले पाउन नसकेको गुनासो गरेका छन्। उनीहरूले प्रदेश सरकार, संघीय सरकार तथा स्थानीय सरकार सबै पक्ष जिम्मेवार बन्नुपर्ने माग गरेका छन्।

बाँकी तेश्रो पृष्ठमा

## उपसचिव नवराज अधिकारीको आगमनसँगै सिम्रौनगढ नगरपालिकाको प्रशासनिक गतिशीलता

***बारा, ३० जेठ***

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०८३ साल वैशाख २ गतेको निर्णयअनुसार रक्षा मन्त्रालयबाट सरुवा भई सिम्रौनगढ नगरपालिकामा खटिएका उपसचिव नवराज अधिकारीले जेठ २१ गते प्रमुख प्रशासकीय अधिकृतका रूपमा पदभार ग्रहण गरेपछि नगरपालिकाको प्रशासनिक गतिविधिमा थप गतिशीलता देखिन थालेको छ।

लामो समयदेखि विभिन्न विवाद, प्रशासनिक असमझदारी तथा पटक-पटक हुने तालाबन्दीका कारण चर्चामा रहने गरेको सिम्रौनगढ नगरपालिकाले पछिल्लो समय प्रशासनिक स्थायित्व र सेवाप्रवाहमा सुधारको संकेत देखाउन थालेको स्थानीयवासी तथा सरोकारवालाहरू बताउँछन्।



उपसचिव अधिकारी नगरपालिकामा हाजिर हुनुअघि निमित्त प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत प्रशासनतर्फका आठौं तहका कर्मचारी बिरबहादुर साह लहेराले करिब पाँच महिनासम्म नगरपालिकाको प्रशासनिक जिम्मेवारी सम्हालेका थिए। स्रोतका अनुसार साह लहेराले चुनौतीपूर्ण परिस्थितिमा पनि संयमता, पारदर्शिता र समन्वयात्मक शैली अपनाउँदै नगरपालिकाको दैनिक प्रशासन सञ्चालन गरेका थिए।

नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा उपसचिव अधिकारीको आगमनसँगै प्रशासनिक नेतृत्वले थप मजबुती पाएको कर्मचारीहरूको भनाइ छ। अनुभवी प्रशासनिक अधिकृतका रूपमा परिचित अधिकारीले कर्मचारीबीच समन्वय, सुशासन र सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम सुरु गरेपछि कार्यालयको कार्यसम्पादनमा सकारात्मक प्रभाव देखिन थालेको बताइन्छ।

नगरपालिकाका एक कर्मचारीका अनुसार उपसचिव अधिकारी र निमित्त प्रमुख प्रशासकीय अधिकृतको

बाँकी तेश्रो पृष्ठमा

## वडा ८ को मुहार फेरिँदै, विकास निर्माणले थप्यो नयाँ आशा

***रूपेश यादव***
***रौतहट, ३० जेठ***

रौतहटको फतुवा विजयपुर नगरपालिका-८ मा पछिल्ला तीन वर्षयता सडक, नाला, विद्यालय, सामुदायिक भवन तथा धार्मिक संरचनालगायत पूर्वाधार विकासका उल्लेखनीय काम सम्पन्न भएपछि वडाको मुहार फेरिन थालेको छ।

वडा अध्यक्ष नितेश चौधरी निर्वाचित भएपछि वडालाई समृद्ध, व्यवस्थित र विकासोन्मुख बनाउने लक्ष्यसहित विभिन्न योजना कार्यान्वयन गरिएका हुन्। वडा अन्तर्गत पर्ने विजयपुर, बुनियाद र लक्ष्मिनिया गाउँमा सडक ढलान, नाला निर्माण, विद्यालय मर्मत, खानेपानी, सामुदायिक भवन तथा धार्मिक संरचनाको निर्माणलाई प्राथमिकतामा राखिएको छ।

आर्थिक वर्ष २०७९/०८० मा वडा बजेटबाट सामुदायिक भवन निर्माण, विद्यालय तथा मठमा शौचालय निर्माण, छठ घाट निर्माण तथा विभिन्न स्थानमा नाला निर्माणका कार्य सम्पन्न भएका थिए। त्यसैगरी आर्थिक वर्ष २०८१/०८२ मा कृषि सडक ढलान,



विद्यालय मर्मत, बेन्च-डेस्क खरिद, नाला तथा कल्भर्ट निर्माण, खानेपानी तथा विद्युत विस्तारका योजनाहरू कार्यान्वयन गरिएका थिए।

चालु आर्थिक वर्ष २०८२/०८३ मा पनि माध्यमिक विद्यालय विजयपुरको मर्मत सम्भार, नाला निर्माण, सडक ढलान, सामुदायिक भवन घेराबेरा, कृषि सडक निर्माण तथा धार्मिक स्थलहरूको संरक्षण र विकासका कार्यक्रम सञ्चालन भइरहेका छन्।

मधेश प्रदेश सरकारको २० लाख रुपैयाँ लागत सहयोगमा रामजानकी भवन निर्माण कार्य जारी रहेको छ भने राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत माध्यमिक विद्यालय विजयपुरमा ३५ लाख रुपैयाँ लागतको विद्यालय भवन निर्माण भइरहेको छ।

यसैबीच वन विभागको सहयोगमा हरित पार्क निर्माण, शिव मन्दिर निर्माण तथा संघीय सरकारको सहयोगमा करिब २ करोड रुपैयाँ बराबरको विद्युत पोल र तार विस्तार योजनासमेत अगाडि बढाइएको वडा कार्यालयले जनाएको छ।

स्थानीयवासीहरूले विकास निर्माणका कामप्रति सन्तुष्टि व्यक्त गरेका छन्। स्थानीय राधेश्याम यादवले नाला निर्माणपछि वर्षायाममा घरमा पानी

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# नेतृत्वविहीन पूर्वाधार कार्यालय, जोखिममा विकास बजेट

बारा जिल्लाको विकास निर्माणको प्रमुख सरकारी निकाय पूर्वाधार विकास कार्यालय, कलैया यतिबेला नेतृत्व संकटबाट गुज्रिरहेको छ । आर्थिक वर्ष समाप्त हुन केही सातामात्र बाँकी रहँदा कार्यालय प्रमुखहरु लगातार जिम्मेवारी त्यागेर फर्किन थालेपछि करिब १ अर्ब ३८ करोड रुपैयाँ बराबरका विकास योजना अन्योलमा परेका छन् ।

विकास बजेट खर्च गर्ने, योजना सम्झौता गर्ने र निर्माण कार्यलाई गति दिने महत्वपूर्ण समयमा कार्यालय प्रमुख नै नबस्नु गम्भीर विषय हो । प्रदेश सरकारले पटक-पटक प्रमुख खटाए पनि उनीहरु केही दिनमै फर्किनुले समस्या कर्मचारीमा मात्र नभई समग्र कार्य वातावरण र व्यवस्थापन प्रणालीमै रहेको संकेत गर्छ । कार्यालय स्रोतका अनुसार आधाभन्दा बढी योजनाको सम्झौता हुन बाँकी छ । निर्णय प्रक्रिया, भुक्तानी स्वीकृति र प्रशासनिक काम प्रभावित हुँदा विकास निर्माणको गति सुस्त बनेको छ । यसले असार मसान्तसम्म ठूलो बजेट खर्च हुन नसक्ने र फ्रिज हुने जोखिम बढाएको छ ।

प्रमुख प्रश्न के हो भने बारामा कर्मचारी किन टिक्न सकेनन् ? यदि कार्यालयभित्र राजनीतिक दबाब, प्रशासनिक हस्तक्षेप वा अन्य कुनै समस्या छ भने त्यसको यथार्थ सार्वजनिक हुनुपर्छ । प्रदेश सरकारले यसबारे स्पष्ट धारणा दिनु आवश्यक छ । समयमै नेतृत्व व्यवस्थापन हुन नसके बाराका विकास आयोजना प्रभावित हुने मात्र होइन, प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता र सुशासनमाथि समेत प्रश्न उठ्नेछ । त्यसैले तत्काल सक्षम नेतृत्व खटाई कार्यालयलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउनु आजको आवश्यकता हो । विकासका लागि छुट्याइएको बजेट जनताको हितमा खर्च हुनुपर्छ, अन्यथा त्यसको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्नेछ ।

# सरकार ! मल कहिले आउँछ ?



*सरस्वती तिमिल्सिना*

राज्य गम्भीर बनेर मल समयमै खेतसम्म पुऱ्याओस् नत्र भोको पेट र रित्तो खेत बोकेर देश कहिल्यै समृद्धि बन्न सक्दैन ।

असार लाग्नु भनेको रोपाइँको सिजन सुरु हुनुमात्र होइन, मल खोज्ने राष्ट्रिय अभियानको शुभारम्भ पनि हो । खेतमा किसान, सडकमा ट्र्याक्टर, कृषि कार्यालयमा लाइन र मन्त्रालयमा बैठक–यही हो हाम्रो कृषि व्यवस्थाको वार्षिक उत्सव । किसानलाई अब मल अभाव कुनै समस्या लाग्न छाडेको छ । किनकि समस्या भनेको कहिलेकाहीँ आउने कुरा हो, तर नेपालमा मल अभाव त परम्परा नै भइसकेको छ । दसैंमा टीका लगाइन्छ, तिहारमा देउसी खेलिन्छ, अनि असारमा किसान मलको लाइनमा बसेर मल अभावको उत्सव मनाउँछन् । राष्ट्रिय संस्कृतिमध्ये यो पनि एक भएको छ ।

सरकारले हरेक वर्ष उही संवाद दोहोऱ्याउँछ, 'मल आउँदैछ, प्रक्रियामा छ, जहाजमा चढिसकेको छ, सीमामा अडकएको छ ।' मल नेपाल आइपुग्दा-आइपुग्दा किसानको धैर्य सकिन्छ, रोपाइँ सकिन्छ, कहिलेकाहीँ त बाली नै सकिन्छ । तर सरकारी आश्वासन भने कहिल्यै सकिँदैन । राजनीतिज्ञहरू चुनावमा गाउँ पुगेर कृषिलाई अर्थतन्त्रको मेरुदण्ड भन्छन् । तर मेरुदण्डको अवस्था हेर्दा लाग्छ, देशको मेरुदण्डलाई वर्षौंदेखि क्याल्सियमको गम्भीर अभाव छ र यो क्षयरोगबाट ग्रस्त छ । भाषणमा किसानलाई 'अन्नदाता' भनिन्छ, व्यवहारमा उनीहरूलाई 'लाइनदाता' बनाइन्छ- कहिले मलको लाइन, कहिले बिउको लाइन, कहिले खडेरी त कहिले बाढीबाट प्रभावित भई राहतको लाइन । अचम्मको कुरा के छ भने, नेपाल सरकारलाई मल कहिले चाहिन्छ भन्ने कुरा हरेक वर्ष असार लागेपछि मात्र थाहा हुन्छ । मानौं, असार कुनै आकस्मिक प्राकृतिक विपत्ति हो, जसको पूर्वानुमान कसैले गर्न सक्दैन । मौसमविद्ले वर्षा कहिले हुन्छ भनेर महिना अगाडि नै बताइदिन्छन्, तर सरकारले किसानलाई मल कहिले चाहिन्छ भन्ने कुरा वर्षौंदेखि बुझ्न सकेको छैन ।

राजनीतिक दलहरूका घोषणापत्रमा कृषि पहिलो प्राथमिकतामा हुन्छ । चुनाव आउँदा किसान राष्ट्रका मेरुदण्ड हुन्छन् । चुनाव सकिएपछि त्यही मेरुदण्ड मलको लाइनमा घण्टौं उभिन्छ । नेताहरू भने वातानुकूलित हलमा बसेर 'कृषिको आधुनिकीकरण'बारे बहस गरिरहेका हुन्छन् । खेतमा रोपाइँ भइरहेको बेला मल नपुग्नु केवल व्यवस्थापकीय कमजोरी होइन, यो किसानप्रतिको राज्यको उदासीनताको प्रत्यक्ष प्रमाण हो । किनभने धान रोप्ने समय सकिएपछि आएको मल किसानका लागि औषधि होइन, शवमाथिको फूलजस्तै हुन्छ ।

देशमा अहिले कृत्रिम बुद्धिमत्ताको चर्चा छ, डिजिटल नेपालको सपना छ, स्याटेलाइट र प्रविधिको कुरा छ । तर किसानले अझै पनि एउटा बोरा युरिया पाउन मानौं कुनै दुर्लभ पुरस्कार जित्नुपर्छ । संसार मंगल ग्रहमा पुग्ने तयारी गर्दैछ । हामी भने मलको गोदामसम्म पुग्न नसकेको अवस्थामा छौं । सबैभन्दा रमाइलो कुरा त के छ भने मल अभावको जिम्मेवार कोही हुँदैन । मल आएन भने मन्त्रालयले आपूर्तिकर्तालाई दोष दिन्छ, आपूर्तिकर्ताले अन्तर्राष्ट्रिय बजारलाई दोष दिन्छ, बजारले युद्धलाई दोष दिन्छ, युद्धले मौसमलाई दोष दिन्छ ।

अन्तिममा दोष पन्छाउन नसक्ने एक मात्र व्यक्ति किसान हुन्छ, जसले सबैभन्दा धेरै दुःख भोगेको हुन्छ । किसानहरू हरेक वर्ष मौसमसँग लड्छन्, रोगसँग लड्छन्, बजारसँग लड्छन्, तर अन्ततः सबैभन्दा ठूलो संघर्षआफ्नै सरकारसँग गर्नुपर्छ । प्राकृतिक विपत्तिभन्दा पनि नीतिगत विपत्ति कहिलेकाहीँ बढी घातक बन्छ । यता बजेटमा कृषि मन्त्रालयलाई करोडौंका गाडी किन्ने व्यवस्था हुन्छ, नयाँ भवन निर्माणका योजना आउँछन्, भ्रमण र गोष्ठीका कार्यक्रमहरू थपिन्छन् । तर किसानका लागि आवश्यक मल भने हरेक वर्ष 'व्यवस्थापनको प्रक्रियामै' रहन्छ । सायद मलमा कमिसन कम हुन्छ कि, त्यसैले प्राथमिकतामा पर्दैन ।

वास्तवमा नेपालको कृषि नीति किसानलाई उत्पादन बढाउन प्रेरित गर्ने होइन, निराश हुन सिकाउने नीति जस्तो देखिन थालेको छ । जसले खेतमा पसिना बगाउँछ, ऊ नै सबैभन्दा उपेक्षित छ । जसले देशलाई खान दिन्छ, उसैले मलका लागि हात फैलाउनुपर्छ । जबसम्म असारसँगै मल अभाव र प्रतिबद्धताको यो चक्र दोहोरिइरहन्छ, तबसम्म नेपालको कृषि नीति खेतमा होइन, भाषणमै हरियाली देखाउने दस्तावेज मात्र बन्नेछ । किसानले अन्न उत्पादन गरिरहनेछन्, सरकारले आश्वासन उत्पादन गरिरहनेछ र देशले हरेक असारमा एउटै प्रश्न दोहोऱ्याइरहनेछ- मल कहिले आउँछ ?

यसरी नै चलिरहने हो भने भविष्यमा इतिहासका पुस्तकहरूमा लेखिनेछ- 'नेपाल कृषि प्रधान देश थियो । किसानहरू अन्न उत्पादन गर्थे । अनि सरकारहरू प्रत्येक असारमा मल उपलब्ध गराउने प्रतिबद्धता गर्थे ।' सायद त्यतिबेला पनि कुनै मन्त्रीले पत्रकार सम्मेलन गरेर भनिरहेका हुनेछन्, 'चिन्ता नगर्नुहोस्, मल आउँदैछ ।' तर किसानले त्यतिबेलासम्म खेती छोडिसकेको हुनेछ ।

मलको वार्षिक हाहाकार केवल अन्तर्राष्ट्रिय बजारको संकट वा मौसमको प्रतिकूलता मात्र होइन; यो हाम्रो फितलो नीति र कमजोर राजनीतिक इच्छाशक्तिको प्रत्यक्ष उपज हो ।

नेपालमा यो समस्या भइरहँदा विश्वका केही देशको अवस्था, किसान र सरकारका प्रयासबारे छोटो चर्चा गरिहालौं । विश्वका धेरै विकासोन्मुख देशमा पनि रासायनिक मलको अभाव र आपूर्ति शृंखलाको समस्या साझा चुनौतीकै रूपमा देखिन्छ । भारत र बंगलादेशजस्ता छिमेकी मुलुकमा पनि समय-समयमा मलको हाहाकार हुने गर्छ । तर, त्यहाँका सरकारहरूले डिजिटल प्रणालीमार्फत वितरणलाई व्यवस्थित गर्ने, प्रत्यक्ष अनुदान सिधै किसानको खातामा पठाउने र वैकल्पिक जैविक मल उत्पादनमा ठूलो लगानी गरिरहेका छन् ।

अर्कोतर्फ, नेदरल्यान्ड्स, इजरायल र अमेरिकाजस्ता विकसित देशहरूले प्रविधिको उच्च प्रयोग गरेर मलमाथिको परनिर्भरता घटाएका छन् । त्यहाँ 'प्रिसिजन एग्रिकल्चर' ( यथार्थपरक कृषि) मार्फत माटोको आवश्यकता अनुसार मात्र सीमित र सही मात्रामा मल प्रयोग गरिन्छ । सरकारले मल आपूर्तिमा पूर्ण रूपमा 'ब्याकअप प्लान' र बलियो भण्डारण क्षमता निर्माण गरेको हुनाले नेपाली किसानले जस्तो लाइन बस्नुपर्ने र बाली नै नष्ट हुने अवस्था त्यहाँ आउँदैन ।

निष्कर्षमा, मलको वार्षिक हाहाकार केवल अन्तर्राष्ट्रिय बजारको संकट वा मौसमको प्रतिकूलतामात्र होइन; यो हाम्रो फितलो नीति र कमजोर राजनीतिक इच्छाशक्तिको प्रत्यक्ष उपज हो । विश्वका अन्य देशहरूले आधुनिक प्रविधि, पूर्वतयारी र बलियो भण्डारण क्षमतामार्फत यो समस्याको दीर्घकालीन हल गरिसक्दा पनि हाम्रो सरकार आश्वासनमै अलमलिनु ठूलो विडम्बना हो ।

जबसम्म सरकारले जी-टू-जी मार्फत समयमै मल आयात गर्ने स्थायी संयन्त्र बनाउँदैन वा देशभित्रै मल कारखाना स्थापनाको ठोस कदम चाल्दैन, तबसम्म असारको यो नियति दोहोरिइरहनेछ । किसानलाई सधैं 'लाइनदाता' बनाइराख्ने हो भने कृषिप्रधान देशको नारा भाषणमै सीमित हुनेछ । अब राज्य गम्भीर बनेर योजनालाई खेतसम्म पुऱ्याउनुपर्छ, किनभने भोको पेट र रित्तो खेत बोकेर देश कहिल्यै समृद्धिको मार्गमा अघि बढ्न सक्दैन ।





व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिका-इरान सम्झौता 'धेरै नजिक'

***वाशिङ्टन डीसी-*** अमेरिका र इरानबीच महिनौँदेखि जारी तनाव अन्त्यका लागि सम्झौता गर्ने कदमका लागि ठूलो सफलता मिल्ने अपेक्षा गरिएको छ । इरानका विदेशमन्त्री अब्बास अराघचीले दुई देश सम्झौताका लागि सबैभन्दा नजिक रहेको बताएका छन् । यसैगरी, अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोशल' मा सम्झौता नजिक पुगेको भन्ने आफ्नो एक दिन पहिलेको पोस्टलाई पुनः पोष्ट गरेपछि सम्झौताको सम्भावनालाई थप बढावा मिलेको छ। पोष्टमा राष्ट्रपति ट्रम्पले सम्झौतामा हस्ताक्षर हुन अन्तिम कागजी प्रक्रिया मात्र बाँकी रहेको बताएका छन् ।

प्रस्तावित सम्झौतालाई उद्धृत गर्दै अराघचीले एक्समा लेखेका छन्, "इस्लामावादको पहलमा भएको यो सम्झौता प्रस्ताव अहिलेसम्मकै सबैभन्दा धेरै विषयमा सहमति नजिक पुगेको सहमति हो ।" अराघचीको पोष्टको केही मिनेटपछि राष्ट्रपति ट्रम्पले ट्रुथ सोसल अकाउन्टमा उक्त पोस्ट पुनः पोस्ट गरेका थिए ।

यसले प्रस्तावित सम्झौताका सर्तहरूमा मतभेदका बाबजुद वार्ता सही दिशामा अघि बढिरहेको बुझ्न सकिन्छ । राष्ट्रपति ट्रम्पले सम्झौता पूरा हुने विश्वास व्यक्त गरेको भोलिपल्ट अराघचीको यो टिप्पणी आएको हो । अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकाले भर्खरै इरानसँग युद्धका विषयमा ठूलो सम्झौता गरेको भन्दै सम्झौतामा हस्ताक्षर हुन केही काम मात्र बाँकी रहेको सङ्केत गरेका छन् । ट्रम्पले पत्रकारहरुसँग भने, "अब केवल कागजातलाई अन्तिम रूप दिन मात्र बाँकी छ । अबको केही दिनमा यो काम सम्पन्न गरिसक्नुपर्छ ।" शुक्रबार इरानी विदेशमन्त्री अराघचीले मिडिया संगठनहरू र विश्लेषकहरूलाई वार्ता पूरा नभएसम्म सम्झौताको सामग्रीको बारेमा अनुमान नगर्न आग्रह गरेका थिए । उनले भनेका थिए, "जबसम्म यसको अन्तिम निर्णय हुँदैन, तबसम्म मिडियाले यसको सामग्रीको बारेमा अड्कलबाजी गर्नबाट टाढा रहनु पर्छ।"



उनलरु प्रक्रिया पूरा भएपछि विस्तृत विवरण सार्वजनिक गरिने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । जिम्मेवार र पारदर्शी दृष्टिकोण अनुरूप सबै विवरणहरू सही समयमा जनतासँग साझा गरिने उनको भनाइ छ ।

-पाकिस्तानद्वारा पुष्टि-

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले अमेरिका र इरानबीच मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यका साथ भएको सम्झौताका शर्तमा सहमति भएको र मध्यस्थकर्ताले दुवै पक्षसँग सम्झौता गर्न काम गरिरहेको पुष्टि गरेका छन् । प्रधानमन्त्री शहबाज सरिफले अमेरिका र इरानबीच सहमतिको सन्देश टुङ्गिएको बताएका छन् ।

मध्यस्थताको प्रयासमा पहल गरेको पाकिस्तानले यी युद्धरत देशहरूसँग अर्को चरणमा काम गरिरहेको उनले बताए । "शान्ति अहिले जस्तो नजिक कहिल्यै थिएन", शरिफले एक्समा गरेको पोस्टमा भनेका छन्, "इरानले यसै साता अमेरिका र इजरायलसँग तीन दिने गतिरोध जारी राख्दै मध्यपूर्वमा ठूलो मात्रामा युद्ध सुरु गर्ने चेतावनी दिएपछि वार्तामा उल्लेखनीय प्रगति भएको हो ।"

-इरानी मिडियाद्वारा १४ बुँदे 'समझदारी पत्र' प्रकाशित-

इरानको मेहर समाचार एजेन्सीका अनुसार प्रस्तावित ढाँचाले विशेष गरी स्ट्रेट अफ होर्मुज वरपरको तनावको कारण विश्व व्यापार र ऊर्जा बजारलाई धक्का दिएको तीन महिनाको द्वन्द्व अन्त्य गर्न उपायहरू प्रस्तुत गरेको छ ।

उक्त योजनामा प्रतिबन्धहरू खुकुलो पार्ने, इरानको रोक्का गरिएको सम्पत्तिमा पहुँच र क्षेत्रीय तनाव कम गर्ने उपायहरू समावेश छन् ।

इरानी मिडियाले प्रस्तावित १४ बुँदे समझदारी पत्रको विवरण भन्दै शुक्रबार समाचार प्रकाशित गरेपछि इरानी विदेशमन्त्रीले भनेका थिए, "एक्समा एक पोस्ट गर्दै खुलासा गरिएको जानकारी र लिखित रूपमा सहमति भएका सर्तहरूबीच कुनै सम्बन्ध छैन।"

## ट्यूबेलको........

युवा नेता दुबेले स्थानीय तह निर्वाचनका बेला शिक्षा, स्वास्थ्य र कृषि क्षेत्र सुधारका ठूला प्रतिबद्धता व्यक्त गरिए पनि स्थानीय सरकार गठन भएको करिब नौ वर्ष बितिसक्दा समेत कृषि क्षेत्रको आधारभूत समस्या समाधान हुन नसक्नु दुःखद भएको बताए ।

"कृषि प्रधान क्षेत्रका किसानहरू आज पनि सिँचाइको समस्यासँग जुध्न बाध्य छन् । ट्यूबेल सञ्चालन नहुनु केवल प्राविधिक समस्या मात्र होइन, यो राज्यको जिम्मेवारी र जवाफदेहितासँग जोडिएको विषय हो," दुबेले भने ।

स्थानीयवासी तथा किसानहरूले ट्यूबेलको अवस्था सम्बन्धमा निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न र बन्द रहेका ट्यूबेल तत्काल सञ्चालनमा ल्याउन सम्बन्धित निकायसँग माग गरेका छन् । फेटा गाउँपालिकामा कृषि उत्पादन वृद्धि तथा किसानको जीवनस्तर सुधारका लागि प्रभावकारी सिँचाइ व्यवस्थापन अपरिहार्य रहेको स्थानीयहरूको भनाइ छ ।

## उपसचिव.......

जिम्मेवारी सम्हालिसकेका बिरबहादुर साह लहेराबीचको सहकार्य र समन्वयले कार्यालयको कार्यसम्पादनलाई थप प्रभावकारी बनाएको छ । "दुवै प्रशासनिक नेतृत्वबीच राम्रो समझदारी र सहकार्य देखिएको छ । यसले कर्मचारीलाई काम गर्न सहज वातावरण सिर्जना गरेको छ," ती कर्मचारीले बताए ।

स्थानीयवासीहरूका अनुसार विगतमा विभिन्न कारणले विवादको केन्द्र बन्ने गरेको नगरपालिकामा पछिल्लो समय प्रशासनिक अनुशासन कायम हुन थालेको छ। विकास निर्माणका योजना, राजस्व व्यवस्थापन, सेवा प्रवाह तथा कार्यालय सञ्चालनमा सुधारका संकेत देखिन थालेको उनीहरूको भनाइ छ। उपसचिव अधिकारीले पदभार ग्रहण गरेपछि नगरपालिकामा सुशासन, पारदर्शिता, जवाफदेहिता र जनमुखी सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । स्थानीय तहको प्रभावकारी सञ्चालनका लागि जनप्रतिनिधि, कर्मचारी र नागरिकबीच सहकार्य आवश्यक रहेको उनको धारणा रहेको नगरपालिकाका स्रोतले जनाएको छ।

स्थानीय सरोकारवालाहरूले अनुभवी उपसचिवको नेतृत्वमा सिम्रौनगढ नगरपालिकाले विगतका विवाद र असहज अवस्थालाई अन्त्य गर्दै विकास, सुशासन र सेवा प्रवाहको नयाँ अध्याय सुरु गर्ने अपेक्षा व्यक्त गरेका छन् । नगरपालिकाको प्रशासनिक नेतृत्वमा देखिएको समन्वय र सकारात्मक वातावरणले आगामी दिनमा संस्थागत सुधार तथा जनविश्वास अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

## वडा ८.....

पर्ने समस्या समाधान भएको बताए । यस्तै ठगा भगत र रामाशंकर साहले वडा अध्यक्ष चौधरीको विकासप्रतिको सक्रियता र प्रतिबद्धताको प्रशंसा गरेका छन् ।

करिब चार हजार जनसंख्या रहेको वडा नम्बर ८ मा पछिल्ला वर्षहरूमा सम्पन्न भएका पूर्वाधार विकासका योजनाले स्थानीयवासीमा नयाँ आशा र उत्साह थपेको छ। विकास निर्माणका कार्यले वडाको समग्र स्वरूप परिवर्तन हुनुका साथै जनजीवन सहज बन्दै गएको स्थानीयहरूको भनाइ छ।

## राजासहित......

जिल्ला अगुवाहरूको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रममा हिन्दु सम्राट सेना रौतहटका जिल्ला अध्यक्ष राज भूषण श्रीवास्तव तथा गौर नगरपालिकाका नगर अध्यक्ष मनोज यादवको विशेष उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला नेतृत्वले नेपालको मौलिक पहिचान हिन्दुराष्ट्र नै भएको र यसलाई जोगाउन युवा पुस्ता एकजुट हुनुपर्ने समय आएको बताए ।

गौर नगरपालिकाका विभिन्न वडाबाट आएका सर्वसाधारण धार्मिक व्यक्तित्व तथा युवा अभियान्ताहरूको सहभागिताले हनुमान मन्दिर परिसर मन्त्रोच्चारण र जय श्रीरामको नाराले गुञ्जायमान बनेको थियो ।

सदरमुकाममा आयोजित यस धार्मिक कार्यक्रमलाई स्थानीय स्तरमा चासोका साथ हेरिएको छ ।


### जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरूद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्इ कारणबाट सडक तथा संरचनाहरू अवरूद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, बारा



### देवताल गाउँपालिका
पिप्राढीगोढ, बारा

#### जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईँसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत



नेपाल सरकार
भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
भुमि प्रशासन कार्यलय सिमरा बारा

मालपोत कार्यालय सिमरा बाराबाट प्रकाशन भएको ३५ दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा जिल्ला बारा साविक गा. वि. स. इनर्वासिरा वडा नं. २ हालको जितपुरसिमरा उपमहानगरपालिका वडा नं. १९ मा बस्ने सुखल महरा चमार फुलमती देवीको छोरा भुटेली महरा चमारको नाममा दर्ता कायम तपसिलको जग्गा निज ज.ध. को (२०५१ सालमा) मृत्यु पश्चात ज.ध. को जेठो दाई नाता पर्ने दया महरा चमार-१, माहिलो देवन महरा चमार-१, र दश महरा चमार-१, समेत ४ जना दाजुभाई मात्र रहेकोमा दया महरा चमार (२०३० मा मृत्यु), देवन महरा चमार (२०३३ सालमा अविवाहित मै मृत्यु) र दशैं महरा चमार (२०३३साल मै अविवाहित में मृत्यु) मध्ये जेठो दाई दया महरा चमार र पत्नी बचिया देवी चमईन ( २०३०सालमा मृत्यु)को एक मात्र छोरी/भतिजी पसपतिया चमैन मात्र भुटेली महरा चमारको अंशहक खाने भतिजी रहेकोमा निजको पनि २०८२।४।१६ मा आफ्न कालगतिले मृत्यु भएको र पसपतिया चमैन र पति भिखारी महराको ४ छोराहरु ज.ध. को नाती नाता पर्ने नाथु महरा चमार- १, बाबुलाल महरा चमार-१, गगनदेव महरा चमार-१, सुरेन्द्र महरा चमार-१ मध्ये बाबुलाल महरा चमार, गगनदेव महरा चमार, सुरेन्द्र महरा चमार समेतको मंजुरीले निवेदक नाथु महरा चमारको नाममा नामसारी गरी पाउँ भनि द.नं. ४२७१ मिति २०८२।१०।२१को निवेदन माग गर्नु भएको मृतक ज.ध.को श्रीमती फुलमती देवी चमैन २०३० अघि नै मृत्यु भैसकेको, नीजहरुबाट कुनै पनि जाय जन्म नभएको, भुटेली महरा चमारका ४ दाजुभाई जेठो दया महरा चमार-९, माहिलो देवन महरा चमार-१, साहिलो ज.ध. भुटेली महरा चमार-१ र कान्छो दशौ महरा चमार-१ मध्ये दया महरा चमार र दशौ महरा चमार २०३३ सालमा नै अविवाहित मै मृत्यु भई अन्य अंशियार नभएको भन्ने व्यहोराको जितपुरसिमरा उपमहानगरपालिका वडा नं. १९को च.नं. १२३५ मिति २०८२।१०।१९ को सिफारिस सहित निवेदन पेश भएको हुदाँ यस कार्यालयको मिति २०८२।१२।१९ को आदेशानुसार नामसारी सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। मृतक ज.ध भूटेली महरा चमारको हकखाने अन्य कोही अंशियार / हकदारहरु भएमा निवेदक नाथु महरा चमारको नाममा नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबूत प्रमाण सहित उजुर दानी गर्न आउनुहुनु भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| जिल्ला | गा.बि.स | वडा न | किता न | ज.बि | दर्तावाल |
|---|---|---|---|---|---|
| बारा | इनर्वासिरा | २ | ५८ | ०-८-० | भुटेली महरा चमार |



**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

प्रसौनी गाउँपालिका
प्रसौनी, बारा



**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।



महागढीमाई नगरपालिका
बरियारपुर ,बारा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# सर्लाहीको नयारोडस्थित ट्राफिक प्रहरीमाथि असुली र दुर्व्यवहारको आरोप

***शु.आ. सम्बाददाता***
***सर्लाही, ३० जेठ***




सर्लाही जिल्लाको नयारोडस्थित सवारी चेकजाँचमा खटिएका केही ट्राफिक प्रहरीमाथि अवैध रकम असुली तथा चालकमाथि दुर्व्यवहार गरेको आरोप लागेको छ ।

स्थानीय सवारी चालकहरूले ट्राफिक प्रहरीको व्यवहारप्रति असन्तुष्टि जनाउँदै चेकजाँचका क्रममा नियम कार्यान्वयनको नाममा अनावश्यक दबाब र रकम माग्ने कार्य भइरहेको दाबी गरेका छन् ।

एक चालकका अनुसार सिट बेल्ट नलगाएको कारण ट्राफिक प्रहरीले आफ्नो सवारी रोकेको थियो । उनले गल्ती स्वीकार गर्दै कानुनी प्रक्रिया अनुसार जरिवाना (चालान) काट्न आग्रह गरेको दाबी गरेका छन् । तर, सम्बन्धित ट्राफिक प्रहरीले चालान काट्नुको सट्टा नगद एक हजार रुपैयाँ दिन दबाब दिएको आरोप उनले लगाएका छन् ।

ती चालकका अनुसार आफूले रकम दिन अस्वीकार गरेपछि ट्राफिक प्रहरीले अपशब्द प्रयोग गर्नुका साथै दुर्व्यवहार र हातपातसमेत गरेको दाबी गरेका छन् । "मैले कानुन अनुसार चालान काट्न आग्रह गरेको थिएँ, तर रकम दिन दबाब दिइयो । अस्वीकार गरेपछि ममाथि दुर्व्यवहार भयो," ती चालकले बताए । यता, उक्त घटनाबारे सम्बन्धित ट्राफिक कार्यालयको आधिकारिक प्रतिक्रिया भने प्राप्त हुन सकेको छैन । चालकहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि आवश्यक कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

यदि आरोप सत्य साबित भएमा यसले प्रहरी संगठनको छविमाथि नकारात्मक असर पार्ने सरोकारवालाहरूको भनाइ छ । स्थानीयवासीहरूले सवारी चेकजाँचलाई पारदर्शी, मर्यादित र कानुनी दायराभित्र राख्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

# कोल्हवी क्षेत्रमा जुवा-तास र घरेलु मदिरा कारोबार मौलाउँदै, स्थानीयको चिन्ता बढ्दो

***नबिन चौधरी***
***कोल्हवी, ३० जेठ***



बारा जिल्लाको कोल्हवी नगरपालिका तथा आसपासका क्षेत्रमा अवैध जुवा-तास खेलाउने र घरेलु मदिरा उत्पादन तथा बिक्री वितरणका गतिविधि बढ्दै गएको भन्दै स्थानीयवासीले गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार यस्ता गतिविधि लामो समयदेखि सञ्चालन भइरहे पनि सम्बन्धित निकायबाट प्रभावकारी नियन्त्रण हुन सकेको छैन ।

स्थानीय स्रोतहरूका अनुसार कोल्हवीको मनकामना चोकदेखि पिपरिया जाने सडकखण्ड नजिकको एक निजी घर तथा प्रसौना क्षेत्रको एक घरमा नियमित रूपमा जुवा-तास खेलाउने गरिएको छ । प्रसौनामा सानो स्तरको खेल हुने गरेको बताइए पनि क्रसर उद्योग नजिकको एक स्थानमा ठूलो रकमको जुवा सञ्चालन हुने गरेको स्थानीयहरूको दाबी छ । त्यहाँ दिउँसो तास र रातिको समयमा कौडा खेलाइने गरिएको उनीहरूको भनाइ छ । त्यसैगरी कोल्हवी नगरपालिका-५ अन्तर्गत गोकुलटाँडीस्थित पोखरीको छेउ तथा बोधवनदेखि आसामटोल प्रहरी चौकी जाने बाटो नजिकको पोखरी डिलमा समेत जुवा-तास खेलाउने गतिविधि हुने गरेको स्थानीयले बताएका छन् ।

स्थानीयका अनुसार कोल्हवी नगर क्षेत्रका केही प्रभावशाली व्यक्तिसँगै छिमेकी जिल्ला रौतहटबाट समेत खेलाडीहरू सहभागी हुने गरेका छन् । खेल सञ्चालन हुने स्थानमा सहभागीहरूका लागि खानेपानी, चुरोट तथा नास्ताको व्यवस्था गरिने र आयोजकहरूले निश्चित रकम शुल्कका रूपमा उठाउने गरेको आरोप छ ।

यस्तै कोल्हवी-१० बछनपुर्वा क्षेत्रमा घरेलु मदिरा उत्पादन हुने ठूलो भट्टी सञ्चालनमा रहेको दाबी गरिएको छ । स्थानीयका अनुसार हनुमानगञ्ज, खैरा लगायतका क्षेत्रमा उत्पादित घरेलु मदिराको कारोबार उल्लेख्य मात्रामा हुने गरेको छ । विभिन्न गाउँमा साना भट्टी सञ्चालन भए पनि यी क्षेत्र घरेलु मदिरा उत्पादनका प्रमुख केन्द्र बनेको स्थानीयहरूको भनाइ छ ।

यसबीच केही स्थानीयले जुवा-तास तथा घरेलु मदिरा कारोबारमा संलग्न व्यक्तिहरूले प्रहरीसँग आर्थिक लेनदेन गरेर गतिविधि सञ्चालन गरिरहेको आरोप लगाएका छन् । तर यस्ता आरोपहरूको स्वतन्त्र पुष्टि हुन सकेको छैन ।

स्थानीयवासीहरूले इलाका प्रहरी कार्यालय कोल्हवी, झुरझुर प्रहरी चौकी तथा आसामटोल-सिहोर्वा प्रहरी चौकीलाई यस्ता गतिविधिबारे जानकारी हुँदाहुँदै पनि अपेक्षित अनुगमन र कारबाही नभएको गुनासो गरेका छन् । केहीले राजनीतिक पहुँच र संरक्षणका कारण अवैध गतिविधि नियन्त्रणमा चुनौती थपिएको दाबी गरेका छन् ।

स्थानीय बासिन्दाले जुवा-तास तथा घरेलु मदिरा उत्पादन र बिक्री वितरणजस्ता अवैध गतिविधिमाथि निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् ।

# राजासहितको हिन्दुराष्ट्र स्थापनाको कामना गर्दै रौतहटमा हनुमान अराधना आयोजना

***शु.आ. सम्बाददाता***
***रौतहट, ३० जेठ***



जिल्लाको सदरमुकाम गौरमा सनातन धर्मको संरक्षण र मुलुकको राजनीतिक स्थायित्वको कामना गर्दै विशेष धार्मिक अनुष्ठान सम्पन्न भएको छ । हिन्दु सम्राट सेना नेपाल रौतहट गौर शाखाको अगुवाइमा गौर नगरपालिका वडा नं. ४ स्थित ऐतिहासिक हनुमान मन्दिरमा सामूहिक हनुमान अराधनाको आयोजना गरिएको हो ।

धार्मिक तथा राष्ट्रिय भावनाले ओतप्रोत सो कार्यक्रममा नेपाललाई पुनः राजासहितको हिन्दुराष्ट्रका रूपमा पुनर्स्थापना गर्न माग गरिएको थियो । अराधनाका क्रममा उपस्थित श्रद्धालु एवं अभियान्ताहरूले मुलुकमा सनातन संस्कृतिको रक्षाका लागि राजसंस्था र हिन्दुराष्ट्र अनिवार्य रहेको धारणा व्यक्त गरे । अराधना कार्यक्रममा देशको वर्तमान राजनीतिक परिस्थितिलाई लिएर विशेष प्रार्थना समेत गरिएको थियो । आयोजकका अनुसार पछिल्लो समय काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) को नेतृत्व र सरकारका कतिपय कदमहरूले रैथाने संस्कृति, संरचना र धार्मिक आस्थामाथि खलल पुऱ्याएको भन्दै उनलाई सद्बुद्धि मिलोस् भनी हनुमानजीसँग कामना गरिएको छ । स्थानीय तह तथा सरकारले सनातन धर्म र परम्पराप्रति सकारात्मक सोच राखून् भन्ने उद्देश्यले यो प्रार्थना गरिएको आयोजकले बताए ।

कार्यक्रममा हिन्दु सम्राट सेनाका

*बाँकी तेश्रो पृष्ठमा*

# प्रसौनी गाउँपालिका पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषित

***बारा, ३० जेठ***




प्रसौनी गाउँपालिकाले "स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्णखोप पालिका हाम्रो प्रतिबद्धता" भन्ने मूल नारासहित पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा सभा भव्य रूपमा सम्पन्न गरेको छ । गाउँपालिकाको स्वास्थ्य शाखाद्वारा आयोजित कार्यक्रममा गाउँपालिका क्षेत्रभित्रका सबै लक्षित बालबालिकाले राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका सम्पूर्ण खोप प्राप्त गरेको सुनिश्चित भएपछि गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिकाका रूपमा घोषणा गरिएको हो ।

गाउँपालिका भवनमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष विनोद प्रसाद जैसवालले पूर्णखोप अभियान बालबालिकाको स्वास्थ्य सुरक्षासँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण कार्यक्रम भएको बताउँदै यसको दिगोपनाका लागि स्थानीय तह, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा समुदायको निरन्तर सक्रियता आवश्यक रहेको धारणा व्यक्त गरे । उनले आगामी दिनमा पनि गाउँपालिकाले नियमित खोप सेवाको पहुँचलाई थप प्रभावकारी बनाउँदै कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित नहुने वातावरण सिर्जना गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष किरण देवी साह, प्रमुख प्रशासकीय अधिकृत नवीन श्रीवास्तव, खोप समन्वय समितिका प्रमुख तथा स्वास्थ्य कार्यालय बाराका अधिकृत भागिरथ चौधरी, सातवटै वडाका वडा अध्यक्ष, विभिन्न शाखाका प्रमुख तथा कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

स्वास्थ्य कार्यालय बाराका अधिकृत भागिरथ चौधरीले पूर्णखोप सुनिश्चितता घोषणा केवल औपचारिकता नभई बालबालिकाको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने महत्वपूर्ण उपलब्धि भएको बताए । उनले खोपबाट बच्न सकिने रोगहरूको नियन्त्रण तथा उन्मूलनका लागि नियमित खोप कार्यक्रमलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागीहरूले स्थानीय स्रोतको अधिकतम परिचालन, समुदायको स्वामित्व तथा सक्रिय सहभागितामार्फत पूर्णखोप अभियानलाई दिगो र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । साथै, नवजात शिशुदेखि लक्षित उमेर समूहका सबै बालबालिकालाई नियमित रूपमा खोपको पहुँचमा ल्याउन सामूहिक प्रयास जारी राख्ने प्रतिवद्धता जनाइएको थियो ।

गाउँपालिकाका अनुसार खोप सुनिश्चिततासम्बन्धी विभिन्न सूचकहरूको मूल्याङ्कन, घरधुरी प्रमाणीकरण तथा स्वास्थ्य संस्थाबाट प्राप्त तथ्यांकको आधारमा सबै लक्षित बालबालिकाले आवश्यक खोप प्राप्त गरेको पुष्टि भएपछि पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो । कार्यक्रमको सञ्चालन गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुरेश साहले गरेका थिए भने स्वागत मन्तव्य सिनियर अहेव प्रमिला कुमारी साहले व्यक्त गरेकी थिइन् । कार्यक्रमले बालबालिकाको स्वास्थ्य संरक्षण तथा समुदायस्तरमा खोपप्रतिको जनचेतना अभिवृद्धिमा थप टेवा पुग्ने विश्वास व्यक्त गरिएको छ ।

# बारा जिल्ला क्रिकेट संघको नेतृत्वमा प्रभात चौरसिया पुनः चयन

***कलैया, ३० जेठ***




नेपाल क्रिकेट संघ (क्यान) अन्तर्गत बारा जिल्ला क्रिकेट संघको अध्यक्षमा प्रभातकुमार चौरसिया पुनः चयन भएका छन् । शनिबार कलैयामा सम्पन्न संघको सातौं वार्षिक साधारणसभाले चौरसियाको नेतृत्वलाई निरन्तरता दिँदै नयाँ १४ सदस्यीय कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो ।

साधारणसभाबाट चयन भएको नयाँ कार्यसमितिको उपाध्यक्षमा दिनेश श्रेष्ठ, सचिवमा सुभाष जयसवाल तथा कोषाध्यक्षमा जितेन्द्र यादव चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा पवनकुमार अग्रवाल, अनिलकुमार चौगाईं, समीर ठाकुर, गणेश साह, महमद सविर, तसुरिदिन मिया मन्सुर, समीर क्षेत्री, मुकेश उपाध्याय, दीपेश श्रेष्ठ र जराशंकर सर्राफ निर्विरोध चयन भएका छन् ।

साधारणसभामा सहभागी सदस्यहरूले बारामा क्रिकेटको विकास, प्रतिभावान खेलाडी उत्पादन तथा जिल्लास्तरीय क्रिकेट गतिविधिलाई थप प्रभावकारी बनाउन नयाँ कार्यसमितिले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेका छन् ।

पुनः अध्यक्षमा चयन भएपछि चौरसियाले बारामा क्रिकेटको आधार विस्तार, खेल पूर्वाधार विकास तथा युवा खेलाडीलाई राष्ट्रिय स्तरसम्म पुऱ्याउने लक्ष्यसहित अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले जिल्लामा क्रिकेटप्रतिको आकर्षण बढ्दै गएको उल्लेख गर्दै खेलाडी, प्रशिक्षक, क्लब तथा सरोकारवाला निकायसँग सहकार्य गरी क्रिकेट गतिविधिलाई थप सशक्त बनाइने बताए ।

सर्वसम्मत रूपमा नेतृत्व चयन भएसँगै बारा जिल्ला क्रिकेट संघले आगामी कार्यकालमा जिल्लाको क्रिकेट विकासलाई नयाँ गति दिने अपेक्षा गरिएको छ ।

**विश्रामपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**विश्रामपुर गाउँपालिकाको कार्यालय, विश्रामपुर, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा